खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयक

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति : २०८२ साल असार ३२ गते

स्थान : खजुरा गाउँपालिका वडा नं.५ को प्राङ्गण,उढरापुर, बाँके

तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवालको जवाफ राख्दै खजुरा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.क.ज्यू

सहजीकरण :

उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके

(OCDC,Banke)

कोहलपुर ११, बाँके

फोन नं. ०८१-५४०२७७

ईमेल :ocdcmidwest@gmail.com

आयोजक :

खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खजुरा, बाँके

(लुम्बिनी प्रदेश),नेपाल

खजुरा गाउँपालिकाको
तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

१.पृष्ठभुमि : राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेही भएर उनीहरुको सवाल, समस्या र सरोकारहरुलाई यथोचित्त रुपमा सम्बोधन गर्नु पर्दछ । सार्वजनिक संस्थाका पदाधिकारीहरुले कसरी र कुन तौर तरिकाले काम गरिरहेका छन् भनेर नागरिकले चासो एवं निगरानी गरिरहेका हुन्छन् । त्यसैले राज्यका हरेक निकाय र संयन्त्रबाट नागरिकलाई प्रदान गरिने सेवा प्रभाह, सुविधा र विकास निर्माणको वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका हरेक पदाधिकारीहरुको जवाफदेही भित्र पर्दछ । यस्तो जवाफदेहिता अख्तियारप्राप्त पदाधिकारी र कार्यालयबाट सेवा प्राप्त गरेका सेवाग्राही नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाधिकारीहरुले गर्ने गतिविधीका वारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्याङ्कन गर्न पाउनु पर्छ । यो लोकतान्त्रीक मुलुकका नागरिकको नैर्सगिक अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका पदाधिकारीहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्नोत्तर गर्ने, गुनासा र सवालहरु राख्ने र रचनात्मक सुझावहरु दिने सामुदायिक साझा मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले नागरिकहरुमा स्थानीय सरकारले नागरिकहरुलाई प्रदान गरेको र गरिरहेको सेवा प्रभाव एवं विकास निर्माण सम्बन्धी कामहरुको गुणस्तर कायम राख्न, सेवा प्रवाहमा रहेका खाडललाई पुरा गर्न तथा पालिका र वडा कार्यालय मार्फत भएका विकास योजना प्रति आम नागरिकको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको प्रभावकारी अभ्यास गर्दै सुशासन कायम गर्नमा रचनात्मक भूमिका निर्वाह गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा मिति २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एक आपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको थियो । पाँच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमले सर्वसाधारण नागरीकलाई अधिकारमा बसेका पदाधिकारीहरुको नजिक पुग्ने र आफ्ना असन्तुष्टी, गुनासा र सुझावहरु राख्ने अवसर प्रदान गर्ने भएकोले यसलाई **"सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमुना) निर्माण र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । सोहिकुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिक अवधिमा संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयता र कार्यालयबाट प्रवाह गरिएको सेवा सुविधाको प्रभावकारिताबारे खजुरा गाउँपालिका वडा नम्बर ५ को वडा कार्यालयको प्राङ्गणमा १३५ बढी नागरिकहरुको सहभागीतामा मिति २०८२ साल असार ३२ गतेका दिन तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

२.कार्यक्रमका उद्धेश्यहरु :

१. खजुरा गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तथा सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्ने ।

२. खजुरा गाउँपालिकाको काम कारबाही, विकास निर्माण र भएको प्रगति बारे आमनागरिकहरुलाई जानकारी प्रदान गर्ने ।

३. खजुरा गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित समस्या, गुनासो र सुझावहरुको सुनुवाई गरी सोको व्यवस्थापन एवं उचित सम्बोधन गर्ने ।

४. खजुरा गाउँपालिकाको समग्र विकास र समृद्धिका बारेमा आम नागरिकहरुबाट पृष्टपोषण लिने ।

५.खजुरा गाउँपालिकालाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त पालिका बनाउने ।

३. सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु : खजुरा गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमुना) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को (५) बमोजिम तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

३.१ ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन : गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ति कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न नगरपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । माथिल्लो निकायका परिपत्रवाट पनि सेवा प्रदान र कार्य संचालनका लागि के कस्ता निर्देशन जारी भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने अध्ययन गरि गाउँपालिका, वडा कार्यालयहरु तथा अन्य सेवा प्रदायक कार्यालयहरुले कस्तो सेवा सुविधा तथा वस्तु नागरिकहरुलाई उपलब्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि ऐन नियम र निर्देशिकाको अध्ययन गरी प्रावधान पत्ता लगाईएको थियो ।

३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) : गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवाप्रदायक कार्यालयहरु : कृषि विकास शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा युवा तथा खेलकूद विकास शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा, रोजगार शाखा, योजना शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा उनिहरुले लिएको सेवा सुविधाको विषयमा ७५ जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart) : आम खजुराबासी नागरिकहरु तथा सरोकारवालाहरुले गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा सबै वडाका ७५ जनासँग नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाई विश्लेषण गरी सार्वजनिक सुनुवाई कार्यक्रमका लागि प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण : खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्मर बहादुर वि.क., उपाध्यक्ष श्री मन्जु मल्ल, प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात खजुरा गाउँपालिकाको वडा नं.०५, स्थित वडा कार्यालयको प्राङ्गणमा २०८२ साल असार ३३ गते दिउँसो २:०० बजे तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार : खजुरा गाउँपालिकाको तेस्रो सार्वजनिक सुनुवाई हुने सम्बन्धमा खजुरा गाउँपालिकाबासी आमनागरिक, संचार जगत, राजनीतिक दल, शिक्षक, युवा क्लब, खेलाडी, समाजसेवी एवं बुद्धिजीवि वर्ग लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको बारेमा पालिकाको वेवसाईट, फेसबुक पेज, सार्वजनिक स्थानमा सूचना टाँस, निमणत्रणा पत्र, सबै वडा र टोलहरुमा माईकिङ्ग, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना प्रवाह र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना : खजुरा गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम खजुरा गाउँपालिकाको वडा नं.०५ को वडा कार्यालयको प्राङ्गण, उढरापुरमा २०८२ साल असार ३३ गतेका दिन दिउँसो

२:३० बजे देखि प्रमुख जवाफदेही वक्ता खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्बर बहादुर वि.क.ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । जसमा अन्य जवाफदेही वक्तामा खजुरा गाउँपालिकाका उपाध्यक्ष श्री मञ्जु मल्ल, प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना, वडा नं.२ का अध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता श्री धनराम ओली क्षेत्री, वडा नं. ५ का वडा अध्यक्ष श्री गरिबे शेष, कार्यपालिका सदस्य श्री विष्णु सुनार., कार्यपालिका सदस्य श्री पार्वती विश्वकर्मा, वडा सदस्य श्री यमुना घर्ती, लेखापाल श्री भिमराज पौडेल, शिक्षा युवा तथा खेलकूद विकास शाखा प्रमुख श्री खगेन्द्र मल्ल, पूर्वाधार विकास शाखा प्रमुख इन्जिनियर सोनू शाह, स्वास्थ्य शाखाका ज.स्वा.नि.श्री समसुद्दिन खाँ, श्री शुशिल थापा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री शुशिला न्यौपाने, सा.सु.शाखाका श्री नर्बदा दाहाल, रोजगार सेवा केन्द्रका रोजगार संयोजक श्री लोकराज संज्याल, उद्यम विकास शाखाका श्री आशा चौधरी लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले गाउँपालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ५ (पाँच) बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

४. सुनुवाई गरिएका विषयवस्तुहरु :-

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधाको प्रभावकारिता ।
- गाउँपालिका कार्यालयको पारदर्शिता ।
- गाउँपालिकाले गरेका विकास निर्माण सम्बन्धी कार्यको गुणस्तरीयता सम्बन्धी ।
- गाउँपालिका तथा वडामा प्राप्त जनगुनासो संकलन र त्यसको यथोचित सम्बोधन ।
- नागरिक वडापत्रको र उजुरी पेटीकाको प्रभाबकारी प्रयोग ।
- लक्षित वर्गको कार्यक्रम ।
- सामाजिक सुरक्षा कार्यक्रम ।
- खेलकूद क्षेत्रको विकास, स्वास्थ्य, शिक्षा र युवा रोजगारी ।

५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : खजुरा गाउँपालिकाको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साल असार ३२ गते दिउँसो २:३० बजेदेखि ४:०० बजे सम्म जम्मा २:०० घण्टा सम्म संचालन भएको थियो ।

६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर :

क्र.सं.	प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना	सहभागिको प्रश्न/गुनासो /सुझाव	जवाफ दिने पदाधिकारीको नाम, थर र पद	जवाफको छोटकरी ब्यहोरा
१	श्री टिका कुमारी वि.क. खजुरा-०४, बाँके	१.भर्खरै यस खजुरा गाउँपालिका वडा नं.३ मा जातीय भेदभाव तथा छुवाछूतको घटेको छ, यस्ता घटनाहरुको रोकथामका लागि पालिकाले के सोच राखेको छ ??	श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष)	• प्रश्नका लागि धन्यवाद, पालिकामा तर्फबाट खजुरा गाउँपालिकामा जातीय लगायत सबै प्रकारका भेदभाव अन्त्यका लागि पालिकाको तर्फबाट कामहरु भईै रहेको छन् र आगामी दिनमा समेत यस्ता प्रकारका घटनाहरुलाई निरुत्साहित गर्दै समुदायमा संचेतना अभिबृद्धि र सामाजिक जागरणका कामहरुलाई प्रभावकारी तवरले अगाडी बढाईने छ ।
		२.यस पालिकामा बाल बिवाह र बालबालिका तथा महिला हिंसाको रोकथामका लागि के-कस्तो योजना रहेको छ ???	श्री मञ्जु मल्ल (गाउँपालिका उपाध्यक्ष)	• खजुरा गाउँपालिकामा महिला, बालबालिका, जेष्ठ नागरिक, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, मशेशी मुस्लिम, आदिवासी जनजात, दलित लगायत लक्षित वर्गको उत्थान र विकासका लागि पालिकाको तर्फबाट यथेष्ट रुपमा नीति कार्यक्रम तथा बजेट विनियोजन गरिएको छ । यस क्षेत्रमा विशेष गरेर पालिकामा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहेको छ र यसैका माध्यामबाट विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । यस गाउँपालिका बाल बिवाह मुक्त पालिकाको रुपमा घोषणा भएको पालिका हो र यसको लागि आगामी आ.व.मा हामीले अनुगमन गर्ने योजना समेत बनाएका छौ । • बालबालिकाहरुहरुको शसक्तिकरण र क्षमता विकासका लागि पालिका स्तरीय बालक्लब समेत रहेको छ , यसैका माध्यामबाट बालअधिकारको संरक्षण र सम्बर्द्धनका कामहरु भई रहेका छन् । • महिलाहरुलाई आर्थिक रुपमा शसक्तिकरण र क्षमता विकासका लागि यस आ.व.विभिन्न किसिमका सिपमूलक एवं आयमूलक तालिमका कार्यक्रमहरु सम्पन्न गरिएको छ । पालिका स्तरमा महिला हिंसा न्यूनिकरणका लागि विभिन्न किसिमका संचेतामूलक कार्यक्रमहरु संचालन भई रहेका छन् र आगामी दिनमा समेत यस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।
२	श्री भूमी सुनार खजुरा-६, बाँके	१. खजुरा ६ नं. वडा शान्तीनगर टोलमा बिजुली बत्तीका नाङ्गो तारहरु बस्ती तथा	श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष)	• तपाईको गाउँमा रहेको बिजुलीको नाङ्गो तारको व्यवस्थापनाका लागि पालिकाको तर्फबाट नेपाल विधुत प्राधिकरण खजुरा शाखालाई पत्राचार

		घरमाथी रहेको हुँदा यसको व्यवस्थापन कहिले हुन्छ ???		गरिएको छ सायद अब चाँडै नै त्यसको व्यवस्थापनाका लागि प्रभावकारी पहल गरिने छ । साथै अन्य ठाउमा रहेको विधुतको समस्या समाधानका लागि समेत पालिकाले पहल गरिरहेको जानकारी गराउन चहान्छु ।
३	श्री नवराज शाही खजुरा-६, बाँके	१.हाम्रो सिमलघारीमा प्रदेश सरकार अर्न्तगत जिल्लामा रहेको शहरी विकास तथा भवन कार्यालय, बाँकेको आार्थिक सहयोगमा ठेकेदारले बाटो पिच गरेको १५ दिनभित्र उप्किएको छ यसको समाधान कसले र कहिले हुन्छ ???	श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष)	• लुम्बिनी प्रदेश सरकार शहरी विकास तथा भवन कार्यालय, नेपालगंजको टेण्डर मार्फत सो बाटो निर्माण भएको हो र त्यो बाटो निर्माण भएको केही समयमा नै भत्किएकोले सो को मर्मत संम्भार वा निर्माणका लागि पालिकाको तर्फबाट आवश्यक समन्वय र पहल गरिने प्रतिवद्दता गर्दछु ।
४	श्री तारा सुनार खजुरा-३, बाँके	१. विपन्न बालबालिकाहरुको शिक्षा र छात्रबृत्तिका लागि पालिकाको तर्फबाट के-कस्तो काम भई रहेको छ ??	श्री खगेन्द्र मल्ल (शाखा प्रमुख) शिक्षा, युवा तथा खेलकूद विकास शाखा	• पालिकाको तर्फबाट थुप्रै प्रकारका छात्रबृत्तिहरु प्रदान भई रहेको छ र यस वर्ष पनि धेरै विपन्न, गरिब, दलित तथा जेहेन्दार छात्रबृत्ति प्रदान भएको छ र आगामी दिनहरुमा समेत नियमित रुपमा हुने जानकारी गराउँदछु ।
५	श्री सहजराम यादव खजुरा-५, बाँके	१. खजुरा गाउँपालिका खुल्ला दिशा मुक्त गाउँपालिका घोषणा भएको छ तर यस उढरापुर गाउँमा अझै पनि खुल्ला रुपमा बाटोमा दिशा गर्दछन्, यसको रोकथामका लागि वडाले के योजना गरेको छ ??	श्री गरिवे शेष. (५ नं. वडा अध्यक्ष)	• अझै पनि यो वडामा शिक्षा र चेतनाको कमी भएको कारणले यस्तो काम भई रहेको छ र वडाको तर्फबाट आगामी दिनमा बाटोमा खुल्ला दिशा गर्ने कार्यको रोकथामका लागि चेतनामूलक र शौचालय नभएका तथा बनाउन नसक्ने परिवारको पहिँचान गरेर निर्माणका लागि सहयोगका कार्यक्रमहरु संचालन गरिने छ ।
६	श्री रामनरेश यादव खजुरा-५, बाँके	१.यस उढरापुर गाउँमा पानी निकासको समस्या रहेको हुँदा यसको समाधानका लागि वडा र पालिकाले के गर्दैछ ??	श्री गरिवे शेष. (५ नं. वडा अध्यक्ष)	• यो वडामा पानीको निकासका लागि नाली निर्माणको काम भई रहेको छ र आगामी वर्षमा बाटो निर्माणसँगै नाली निर्माणको कामलाई समेत संगसँगै गरिने छ ।
७	श्री रामदेव यादव खजुरा-५, बाँके	१.सहज रुपमा किसानलाई मल पाउने व्यवस्था कहिले हुन्छ ?? प्राङ्गारिक मल व्यवस्थापनको कार्यक्रम के रहेको छ ??	श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष)	• यो समस्या खजुराको मात्रै नभएर सिंगो देशको समस्या हो तर पनि गाउँपालिकाको तर्फबाट किसानहरुलाई समयमा नै मलको व्यवस्थापनका लागि हर सम्भव प्रयास गरिएको छ । गाउँपालिकालाई प्राप्त हुने मलको कोटालाई पारदर्शी र बैज्ञानिक ढंगले वितरण गरिएको छ । • हाल किसानहरुले भोगिरहेको रासयनिक मलको समस्या समाधानका लागि प्राङ्गारिक मल उत्पादन र आई.पि.एम.खेती प्रविधिको कार्यक्रम खजुरा गाउँपालिका कृषि शाखाको तर्फबाट नियमित रुपमा भई रहेको छ र आगामी दिनमा समेत यसलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु : यस खजुरा गाउँपालिकाको तेस्रो चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले बाटोघाटो, नाली, तटबन्धन, कृषि तथा पशु प्राविधिकको सेवा, फोहरमैला व्यवस्थापन, बालबालिका तथा महिलाहरुमा हुने लैंगिक हिंसा, जातीय भेदभाव तथा छुवाछूत प्रथाको अन्त्य, गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण, गरिबी निवारण र लक्षित वर्गको शसक्तिकरण, शैक्षिक गुणस्तर र विपन्न बालबालिकाहरुलाई छात्रबृद्धि, मधेशी, मुस्लिम र दलित समुदायको क्षमता विकास तथा शसक्तिकरणमा ध्यान दिईनुपर्ने, सिंचाईको सुविधा, भूमिहिन सुकुम्बासीको समस्या अविलम्ब समाधान हुनुपर्ने, स्थानीयलाई रोजगारीको अवसर, भत्किएका सडक तथा बाटोहरुको समयमा नै मर्मत संभार र वडा, पालिका तथा विषयगत शाखाहरुबाट प्रदान हुने सेवा प्रवाह लगायतका विषयहरुमा सहभागीहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण : सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट व्यक्त जवाफको आधारमा सुधारको ५ (पाँच) बुँदे प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्यामहरु र पालिकाको वेबसाईट मार्फ्त सबैले जानकारी पाउँने गरी सार्वजनिक गरिएको थियो । जुन **अनुसूची १** मा राखिएको छ ।

९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण : खजुरा गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख,विभिन्न संघसंस्थाका प्रतिनिधि र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.स.	महिला	पुरुष	जम्मा	दलित	जनजाति	मधेशी/मुस्लिम	अन्य
१	७८	५७	१३५	५४	७	५७	१७

१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु : मिति २०८२ साल असार ३२ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

क्र.स.	नाम थर	कार्यालय, संस्था, समुहको नाम वा ठेगाना	पद	कैफियत
१	श्री डम्मर बहादुर वि.क.	खजुरा गाउँपालिका	अध्यक्ष	
२	श्री बस बहादुर राना	,, ,,	प्र.प्र.अ.	
३	श्री मनबीर क्षेत्री	खजुरा गाउँपालिका वडा नं.१	वडा अध्यक्ष	
४	श्री धनराम वली क्षेत्री	खजुरा गाउँपालिका वडा नं.२	वडा अध्यक्ष/प्रवक्ता	
५	श्री गरिबे शेष	खजुरा गाउँपालिका वडा नं.५	वडा अध्यक्ष	
६	श्री विष्णु सुनार	खजुरा गाउँपालिका	कार्यपालिका सदस्य	
७	श्री पार्वती विश्वकर्मा	खजुरा गाउँपालिका	कार्यपालिका सदस्य	
८	श्री खगेन्द्रबहादुर मल्ल	शिक्षा युवा तथा खेलकूद विकास शाखा	शाखा प्रमुख	
९	श्री सोनु शाह	पूर्वाधार विकास शाखा	शाखा प्रमुख/इन्जिनियर	
१०	श्री शुशिला न्यौपाने	महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा	शाखा प्रमुख	
११	श्री लोकराज संज्याल	रोजगार सेवा केन्द्र	रोजगार संयोजक	

१२	श्री नर्वदा दाहाल	पञ्जिकरण शाखा	एम.आइ.एस.अपरेटर	
१३	श्री आशा चौधरी	उद्यम विकास शाखा	उद्यम विकास सहजकर्ता	
१४	श्री भिराज पौडेल	खजुरा गाउँपालिका	लेखापाल	
१५	श्री चन्द्रकला गुरुङ्ग	खजुरा गाउँपालिका कृषि शाखा	ना.प्र.स.	
१६	श्री फरियाद खाँ	खजुरा गाउँपालिका रोजगार	आर.भी.	
१७	श्री समसुद्दिन खाँ	खजुरा गाउँपालिका स्वास्थ्य शाखा	ज.स्वा.नि.	
१८	श्री जगेश प्रसाद बराल	खजुरा गाउँपालिका कृषि शाखा	ना.प्र.स.	
१९	श्री शुशिल थापामगर	खजुरा गाउँपालिका स्वास्थ्य शाखा	स्वा.शा.हे.अ.	
२०	श्री अंकित विश्वकर्मा	खजुरा गाउँपालिका कृषि शाखा	ना.प्र.स.	

११. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु : खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुबाट गरिएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आम खजुराबासी नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ ।
- पालिकाले गरेका राम्रा कामहरुको सकारात्मक रुपमा सन्देश प्रवाह भएको छ ।
- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका तथा विकास निर्माण सम्बन्धी कार्यको बारेमा प्रमुख जिम्मेवार पदाधिकारीसँग बृहत एवं खुल्ला छलफल र बहस गरी आम खजुराबासी नागरिकको अभिमत र धारणा बुझ्ने अवसर प्राप्त भएको छ ।
- स्थानीय जनसमुदायका समस्या, गुनासो, सवाल तथा रचनात्मक सुझावहरु प्राप्त भएको छ । आगामी दिनमा गाउँपालिकाले सुधार गर्नुपर्ने क्षेत्र र सम्बोधन गर्नुपर्ने नागरिकका महत्वपूर्ण सवालहरु पहिंचान भएका छन् ।
- समग्रमा पालिकाको सुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा टेवा पुगेको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुबिधाको प्रभाबकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न र गाउँपालिकाले आगामी दिनहरुमा सुधार गर्नुपर्ने क्षेत्र र कामहरुको बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्ठपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाले आगामी दिनमा गर्नुपर्ने कामहरुको योजना निर्माणमा सहयोग पुगेको छ ।
- पालिका, वडा कार्याालय र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने नागरिक उत्तरदायित्व बृद्धि हुनुका साथै र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो सुनुवाई गर्न तत्काल र दीर्घकालिन रुपमा गर्नुपर्ने ६ (छ) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।
- पछाडी परेको समुदाय, क्षेत्र र वर्गको महत्वपूर्ण सवाल तथा समस्याहरु जिम्मेवार पदाधिकारीहरुलाई जानकारी प्राप्त भएको छ ।

१२. सुझाब तथा निष्कर्ष : यस खजुरा गाउँपालिकाले आफ्नो सेवा प्रवाह र विकास निर्माणको कार्य गुणस्तरीय, नागरिक मैत्री, पारदर्शी र जवाफदेहि बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आयोजना सूचना पाटी, गुनासो पेटिका, सार्वजनिक परिक्षण, गुनासो सुनुवाई तथा व्यवस्थापन, नियमित अनुगमन तथा मूल्यांकन, सूचना पार्टी, नागरिक वडा पत्रको व्यवस्था जस्ता कार्यहरुलाई नियमित र प्रभावकारी रुपमा गरिरहेको छ । साथै, नागरिकहरुबाट प्राप्त भएका गुनासो, समस्या, उजुरी तथा सुझावको समयमा नै सुनुवाई गरी नागरिकहरुलाई सन्तुष्टि प्रदान गर्दै सेवा प्रवाह र विकास निर्माणको कार्यलाई गुणस्तरीय, व्यवस्थित, विधि सम्मत र प्रभावकारी बनाई रहेको छ। मेल मिलाप केन्द्र तथा स्थानीय न्यायिक समिति मार्फत स्थानीय स्तरका विवादहरुको निरुपण र मेलमिलापकर्ताकहरुको क्षमता विकासमा यथेष्ट ध्यान दिईएको छ । जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कामहरुलाई समेत नियमित रुपमा गर्दै आई रहेको छ। जसका कारण सेवा प्रवाह र पेशागत दक्षता अभिबृद्धिमा सहयोग पुगेको छ। अझै प्रभावकारी रुपमा सार्वजनिक जवाफदेहिता अभिबृद्धिका लागि देहाय बमोजिमको कार्य गर्न आवश्यक देखिन्छ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित गर्नुपर्ने ।

२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने ।

३. गाउँपालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि निर्माण गरी सोही बमोजिमको कार्य गर्नुपर्ने ।

४. गाउँपालिकाले सबै क्षेत्रको यथोचित विकास गर्न दीर्घकालिन योजना (मास्टर प्लान), आवधिक योजना र मध्ययमकालिन खर्च संरचना तयार गरी सोही बमोजिम वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमा गरी कार्यान्वयन गरिनुपर्ने ।

५. मानवीय एवं सामाजिक पूँजी निर्माण र आर्थिक उन्नती हुने तथा रोजगारी सिर्जना हुने काममा उचीत ध्यान दिईनुपर्ने ।

अनुसूची-१

खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके

(लुम्बिनी प्रदेश) नेपाल

मिति : २०८२/०३/३२ गते

स्थान : खजुरा गाउँपालिका वडा नं.०५ को वडा कार्यालयको प्राङ्गण ।

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धता

१. यस खजुरा गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयमा नागरिक वडापत्र कार्यालय परिसरमा राखी नियमित रुपमा अध्यावधिक गरिने छ ।

२. यस गाउँपालिकाको वडा नं. ६ लगायत सबै वडामा अत्यन्तै जोखिम अवस्थामा रहेका विधुतको तार तथा जिर्णपोलहरुको स्थानान्तरण एवं व्यवस्थापन गर्न नेपाल विधुत प्राधिकरणसँग आवश्यक पहल र सहकार्य गरिने छ ।

३. दलित, महिला, बालबालिका, मधेशी, मुस्लिम र अल्पसंख्यक समुदायको उत्थान, विकास, शसक्तिकरण, जनचेतना अभिबृद्धि, लैङ्गिक विभेद, बालबिबाह र जातीय भेदभावको न्युनिकरणगर्दै विकासको मुलप्रवाहमा प्रवाहीकरणगर्न सबै विकास साझेदारहरुको संगको सहकार्य र साझेदारीमा विशेष कार्यक्रम संचालनमा ल्याइने छ ।

४. प्रदेश तथा संघीय सरकारले निर्माण गरेका विकास निर्माण कार्यहरु जसमा दिगो र गुणस्तरी भौतिक पूर्वाधारहरुको निर्माणका लागि लुम्बिनी प्रदेश सरकार र संघीय सरकारका जिल्ला कार्यालयहरुमा अन्तर सरकारी समन्वय र सहकार्यलाई विस्तार गर्दै संयुक्त अनुगमनका लागि समेत पहल गरिने छ ।

५. किसानलाई समयमै रासायनिक मलको आपूर्ती र व्यवस्थापनका लागि संघीय सरकारसँग पहल गरिने छ । बढदो रासायनिक मलको परनिर्भरतालाई कमी ल्याउन कृषकलाई जैविक मल उत्पादन र प्राङ्गारिक खेती प्रविधितर्फ उन्मूख गराउँदै पशु र कृषिको सेवालाई नजीक र पायक पर्ने २ वटा स्थानमा थप विस्तार गरी सेवाप्रवाह गरिने छ ।

....	....	....
श्री बसबहादुर राना .	श्री मञ्जु मल्ल	श्री डम्बर बहादुर वि.क.
(प्रमुख प्रशासकीय अधिकृत)	(गाउँपालिका उपाध्यक्ष)	(गाउँपालिका अध्यक्ष)
खजुरा गाउँपालिका, बाँके	खजुरा गाउँपालिका, बाँके	खजुरा गाउँपालिका, बाँके

अनुसूची-२

सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसूची-३
गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको नागरिक प्रतिवेदन (Citizen Report Card) पत्रको नतिजा

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

अभिमत संकलन गरिएको संख्या : ७५ जना

प्रश्नावली भाग-१

खजुरा गाउँपालिकाको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिक प्रतिवेदन पत्र संकलन गरिएको छ । नागरिक प्रतिवेदनपत्र समग्र खजुरा गाउँपालिकाका सबै वडाबाट जम्मा ७५ जना नागरिकबाट संकलन गरिएको छ। यी ७५ जनाले सम्पूर्ण वडाबासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ।

१	**सेवाको सन्तुष्टि**
	१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? सन्तुष्ट (५०%) ठीकै (४०%) असन्तुष्ट (१०%) १.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? सन्तुष्ट (६०%) ठीकै (३५%) असन्तुष्ट (५%)
२	**सेवाको नियमितता**
	२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? सन्तुष्ट (६०%) ठीकै (४०%) असन्तुष्ट (0) २.२ कार्यालय नियमिति रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति,समय पालना, कार्यचुस्तता)संचालन भएको छ भन्ने कुरामा कत्तिको विश्यस्त हुनुहुन्छ ? विश्वस्त (६०%) ठीकै (४०%) अविश्वस्त (0) २.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? तिरेको छैन (१००%) एकदमै कम (0) धेरै तिरेको (0) २.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधा नगर्न औसत कति दिन लगाउने गरेको छ ? १ दिन (५५%) २ दिन (३५%) धेरै दिन (१५%)
३	**सेवा प्रतिको जनविश्वास**
	३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? विश्वस्त (८०%) ठीकै (२०%) अविश्वस्त (0) ३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ? धेरै (२०) ठीकै (४०%) गरेको छैन (४०%) ३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाई विश्वास कतिको छ ? धेरै (६०%) ठीकै (४०%) विश्वास छैन (0) ३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? जानकारी छ (४०%) अलिअलि थाहा छ (३०%) थाहा भएन र छैन् (३०%)
४	**सेुवाको गुणस्तर**
	४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ? सन्तुष्ट (६०%) कम सन्तुष्ट (४०%) असन्तुष्ट (0) ४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ? आफै (८०%) गाउँका ठूलावडाको (१०%) मध्यस्तकर्ता (१०%) ४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ? १ पटक (५०%) २ पटक (४०%) सो भन्दा बढि (१०%)
५	**सेवा सम्बन्धी जानकारी**
	५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ? अति राम्रो (६०%) ठीकै (४०%) नराम्रो (0)

	५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ? छ (३५%) आंशिक जानकारी छ (४०%) कुनै जानकारी छैन (२५%) ५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? अति राम्रो (६०%) ठीकै (४०%) खासै राम्रो छैन (०) ५.४ गाउँपालिका तहमा संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ? २० प्रतिशत जति (४०%) ५० प्रतिशत भन्दा माथि (४०%) थाहा छैन (२०%) ५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ? छ (४०%) ठीकै छ (३०%) प्रतिनिधित्व साह्रै कम छ (३०%)
६	**नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**
	६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन ? धेरै (१०%) कम (४०% गरेको छैन (५०%) ६.२ तपाईको विचारमा गाउँपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? धेरै (२५%) ठीकै (४५%) अतिकम (३०%) ६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? धेरै भएको छ (२०%) ठीकै भएको छ (३०%) भएकै छैन (५०%)

प्रश्नावली भाग-२

१	**सिफारिस सम्बन्धी**
	१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ? पाएँ (९०%) ठीकै पाएँ (१०%) स्पष्ट पाइँन (०) १.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पर्‍यो ? दिएँ (०) थोरै दिएँ (०) मागिएन र दिइएन पनि (१००%) १.३ त्यहाँ बाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ? आफै (८०%) मध्यस्थकर्ता वा दलका कार्यकर्ता एकै मान्छे (१०%) नेता/ठूलाबडा (१०%) १.४ राजस्व को-कसँग उठाउने गर्दछन ? सबैसँग उठाउँछन (१००%) सिमित व्यक्तिसँग मात्र उठाउँछन (०) आयको आधारमा उठाउँछन (०) १.५ शूल्क, सेवा दस्तुर को-कससँग उठाउने गर्दछन ? सेवाग्राहीसँग उठाउने गरेको छन (१००%) कुनै-कुनै सेवाग्राहीसँग उठाउने गरेका छन (०)
२	**पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी**
	२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? राम्रो (४०%) ठीकै (५०%) खराब (१०%) २.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? तुरुन्तै हुन्छ (४५%) पटक-पटक भनेपछि मात्रै हुन्छ (४०%) जति भनेपनि हुन्न (१५%) २.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के-कस्तो किसिमले गर्छ ? नियमित र राम्रोसँग (६०%) ठीकै गर्छ (४०%) नियमित रुपमा गर्दैन (०) २.४ तपाईको गाउँपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ? राम्रो (५०%) ठीकै (४०%) खराव (१०%) २.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन ? प्रभावकारी छन् (४०%) ठीक छन् (६०%) प्रभावकारी छैनन (०) २.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ? सहज (५०%) असहज (०) ठिकै (५०%) अप्ठयारो (०) २.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

	पर्दैन (१००%) मागेरै लिन्छन (०) रकम नदिए अप्ठ्यारो पार्छन (०) २.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ? सजिलै पाइयो (७०%) कहिलेकाँही पाइयो (३०%) मागगर्दा पनि पाईएन (०) २.९ गाउँपालिकामा विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? सजिलै पाइन्छ (५०%) सोधेपछि पाइन्छ (४०%) सोधे पनि पाइदैन (१०%) २.१० गाउँपालिकाबाट आचार संहिता पालना भएको छ ? पालना भएको छ (५०%) ठीकै पालना भएको छ (६०%) कत्तिपनि पालना भएको छैन (०) २.११ आयोजना संचालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ? धैरै सहयोग पाएको छु (६०%) ठीकै सहयोग पाएको छु (४०%) निरुत्साहित गरिन्छ (०)
३	**गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन**
	३.१ आर्थिक श्रोत कस्तो छ ? आवश्यक श्रोत उपलब्ध (३०%) कम श्रोत उपलब्ध (५०%) अतिकम श्रोत उपलब्ध (२०%) ३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? अति सरल (७०%) ठीकै (३०%) जटिल (०) ३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ? आवश्यक सीप छ (१००%) आवश्यकता भन्दा कम छ (०) सीप निकै कम छ (०) ३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो? टाँसेको देखेको छु (०) कहिलेकाहीँ टाँसेको देखिन्छ (२०%) खै कतै देखिएन (३०%) गा.पा.को वेवसाईट र फेसबुक पेजमा देखिन्छ (५०%) ३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ? छ (६०%) ठिकै मूल्याङ्कन हुने गरेको छ (४०%) कहिले पनि भएको थाहा छैन (०) ३.६ कार्य संचालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? सन्तुष्ट (४०%) ठीकै (४०%) कुनै जानकारी छैन (२०%)
४	**पारदर्शिता सम्वन्धी**
	४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ? धैरै जानकारी पाएको छु (३०%) ठीकै जानकारी पाएको छु (५०%) कम जानकारी पाएको छु (२०%) ४.२ गाउँपालिकाले निमार्ण गरेका ऐन, नियम, नीति निर्णय, बजेट कार्यक्रम, कार्य प्रगती आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ? हुने गरेको छ (४०%) हुने गरेको छैन (२०%) जानकारी नै छैन् (४०%) ४.३ सार्वजनिक हुने माध्यम के के हुन् ? वेवसाइट (४०%) सूचना पाटी (३०%) पत्रपत्रिका र मिडिया (१०%) सार्वजनिक सुनुवाई (२०%) ४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ? सहजै पाए (६०%) धैरै पटक भनेपछि पाए (३०%) पाइन (१०%) वास्ता नै गरिएन (०)

सेवाग्राही बहिर्गमन अभिमत
(Exit Poll)

खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा खजुरा गाउँपालिकाको आ.व.२०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउनका सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) पनि अत्यन्त आवश्यक रहेको हुन्छ। सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारी र अर्थपूर्ण बनाउने अभिप्रायले सेवाग्राही बहिर्गमन अभिमत संकलन गरिएको छ। बहिर्गमन अभिमत ७५ जना सबै वडाका सेवाग्राहीबाट संकलन गरिएको थियो यस सम्पुर्ण पालिका वासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ।

सि.नं.	सेवाको नाम	स्वःमूल्यांकन -उपयुक्तकोठामा रेजा ( ) लगाउने		
१	सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ?	अति स्पष्ट (४०%)	ठीकै (६०%)	अस्पष्ट (०)
२	सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै (८०%)	ठीकै (२०%)	थोरै (०)
३	तपाईले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण (७०%)	ठीकै (३०%)	अभद्र/अमर्यादित (०)
४	सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क - दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?	अति स्पष्ट गरि दिए (६०%)	ठीकै (७०%)	अलमल हुने गरि अस्पष्ट सुचना दिए (०)
५	तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ?	अति सजिलो तरिकाबाट समाधान दिए (६५%)	ठीकै (३५%)	समाधान दिन सकेनन् (०)
६	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ?	अति सजिलो (छोटो) (६०%)	ठीकै (४०%)	लामो (०)

७. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

- यसैगरी हामिले कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भनि प्रश्न सोधेका थियौ। जसमा राम्रा लागेका कुराहरु र सुधार गर्नुपर्ने विषयहरु यसप्रकार प्रस्तुत गरिएको छ।

राम्रा लागेका कुराहरु	सुधार गर्नुपर्ने विषयहरु
– पालिकाको सबै वडामा आधारभूत स्वास्थ्य सेवा विस्तार भएको छ। – पालिकाले दीर्घकालिन/महत्वपूर्ण विषयहरुमा निर्णय लिँदा जनप्रतिनिधि, राजनीतिक दल र आम सरोकारवालाहरु बीचमा आवश्यक छलफल, समन्वय, बैठक तथा अन्तरक्रियाको आयोजना गरेर सबैको अपनत्व हुने गरी सकारात्मक समन्वय एवं सहमतिमा गर्ने गरेको छ। – कार्यालयमा सूचना पार्टी र गुनासो पेटिका राखिएको तथा सूचना पाटीमा वडा एवं पालिकाका सबै सूचनाहरु टाँस गरिएको छ। – पालिका र वडा कार्यालयबाट धेरै जसो सेवाहरु अनलाइर्न माध्यमबाट प्रदान गर्ने गरिएको छ। – पालिकाले नियमित रुपमा सार्वजनिक सुनवाई र सामाजिक परिक्षण गर्ने गरेको छ। नागरिकका सवाल, मुद्दा, समस्या, सुझाव, गुनासो, माग र पृष्टपोषणलाई समेटी पालिकाले वार्षिक नीति, कार्यक्रम, बजेट, सेवा प्रवाह र विकास निर्माणको कार्यलाई अगाडि बढाउने गरेको छ। – पालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी मिलनसार र सहयोगी छन्।	– कृषि र पशु सेवालाई वडा तहमा समेत उपशाखा विस्तार गरी सेवा प्रवाह हुने व्यवस्था मिलाएनु पर्ने। – वडा कार्यालयमा अनलाईन सेवा लिंदा सर्भरको कारणले सेवा लिन ढिलाई हुने भएको हुँदा सो को क्षमता विस्तार गरिनुपर्ने। – वडा तथा पालिकामा नागरिक वडा पत्र हुनुपर्ने। – वडा कार्यालयमा शौचालय, खानेपानी, हेल्पडेस्क तथा पार्किङ्ग स्थलको व्यवसथा हुनुपर्ने। – किसानको उपज बजारीकरणको लागि आवश्यक कार्य गरिनुपर्ने। – सार्वजनिक ताल तलैया र खोला नालामा विष हाल्ने कार्यलाई बन्द गर्न पालिका तथा वडाको तर्फबाट आवश्यक कार्य गरिनुपर्ने। – युवाहरुलाई उद्यमशिलता र रोजगारीका लागि वडा तहमा समेत काम गरिनुपर्ने। – महिलाहरुलाई वडा तथा टोल स्तरमा जनचेतनामूलक एवं सिपमुलक कार्यक्रम संचालन हुनुपर्ने। – समयमा कर्मचारी र जनप्रतिनिधिहरु कार्यालयमा उपस्थित हुनुपर्ने। – वडामा निःशुल्क फोटोकपी गर्ने सुविधा हुनुपर्ने।

– गाउँपालिकाले बहुवर्षिय योजनाको कार्य सम्पन्न गर्नका लागि प्राथमिकताका साथ काम गरिरहेको । – पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम समयमा नै गाउँसभा सम्पन्न गरी आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सर्वसम्मतीबाट पारित गरेको छ । – चालु आ.व. २०८१/०८२ मा पालिकाले चालु तर्फ रु.५२,०५,८३,३५०।०१ अर्थात ९२.११ प्रतिशत र पुँजीगत तर्फ रु १७,९५,२६,१३१।०१ अर्थात ८३.५४ प्रतिशत गरी जम्मा रु.७०,०१,०९,४८१.२ अर्थाता ८९.७४ प्रतिशत खर्च गरेको छ । – पालिकाले दिगो विकासका लक्ष्यहरुको (SDGs) स्थानीयकरण गर्न सबै विकास साझेदारहरुसँग साझेदारी, समन्वय र सहकार्यमा आवश्यक कार्य गरेको छ ।	– जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता र नविकरणको कार्य घरदैलौ वा टोलमा हुनुपर्ने । – विकास निर्माणको कार्य दिगो र गुणस्तरीय हुनुपर्ने । – सामुदायिक शिक्षाको गुणस्तर बृद्धिमा ध्यान दिनुपर्ने । – असारे विकासको काममा कमी गर्नुपर्ने । – अनुदान वितरणको कार्यमा पार्टी र व्यक्तिवाद नहोस । – किसानलाई सिंचाईमा सहयोग गरिनुपर्ने । – वडामा रहेको सेवाग्राही कक्षमा खानेपानी, पंखा, वाईफाईको सुविधा हुनुपर्ने । – वडामा कर्मचारी कम भएको हुँदा थप गरी सेवा प्रवाहमा सुविधा दिनुपर्ने । – सार्वजनिक स्थानहरुहरुमा पार्क निमार्ण गर्न आवश्यक बजेट व्यवस्थापन गरिनु पर्ने । – उजुरी पेटिका व्यवस्थापनमा परेका उजरीहरुको सुनुवाई तथा सो सम्बन्धमा भएको अभिलेख राखिनुपर्ने । – पालिकामा स्तनपान कक्षको व्यवस्थापन गरिनु पर्ने । – सबै नागरिकहरुले देख्ने स्थानमा नागरिक वडा पत्र राख्नु पर्ने । – टोल विकास संस्थाको संस्थागत विकास, क्षमता विकास र प्रभावकारी परिचालनमा ध्यान दिईनु पर्ने । – सहकारी संस्थाको नियमित अनुगमन, मुल्याङ्कन र परिचालनमा उचीत ध्यान दिईनुपर्ने । – पालिकामा लै.स.सा.स डेक्स राखिनु पर्ने ।

अनुसूची-४

सार्वजनिक सुनवाईको समाचार प्रकाशन

यस प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको सामाचार न्यूज मानसरोवार अनलाईन दैनिक र कान्तिपुर राष्ट्रिय दैनिक अनलाईनमा प्रकाशन/प्रचार प्रसार भएको थियो ।

NEWS mansarovar

खजुराले सम्पन्न गर्यो तेस्रो चौमासिक सार्वजनिक सुनवाई

न्युज मानसरोवर

5 Shares

बाँकेखजुरा गाउँपालिकाले आफ्नो तेस्रो चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको छ ।

गाउँपालिका अध्यक्ष डम्बर बहादुर विक उपाध्यक्ष मन्जु मल्ल प्रमुख प्रशासकीय अधिकृत बस बहादुर राना वडा अध्यक्ष कार्यापालिका सदस्य विषयगत शाखा प्रमुखहरुले नागरिकका सवाल तथा सुझावहरुलाई आधार बनाएर पाँच बुँदे प्रतिबद्धता गरिएको सहजीकरण संस्था उत्पीडित सामुदायिक विकास केन्द्रका अध्यक्ष डिल बहादुर परियारले जानकारी गराए ।

उत्पीडित सामुदायिक विकास केन्द्रको सहजीकरणमा उक्त गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको हो ।

खजुरा गाउँपालिका वडा नं.५ को कार्यालय परिसदमा गरिएको कार्यक्रममा पाँच बुँदे प्रतिबद्धता समेत जनाइएको छ ।

कार्यक्रमा एक सय ५० भन्दा माथीको सहभागिता रहेको थियो भने सुशासन प्रवर्दन कृषि यान्त्रीकरण स्वरोजगार नीति, महिला शशक्तिकरण ढल निकास ,विधुतको तार र पोल ब्यवस्थापन ,वडा तगा पतलिकामा नागरिक वडापत्रराख्ने ,किसानलाई मल विउको व्यवस्थापन ,विकास निमार्णमा सहकार्य लगाएत विषयहरु समेटेर पाँच बुँदे प्रतिबद्धता जनाइएको छ ।

१ श्रावण २०८२, बुधबार प्रकाशित

ओपीडी फी फ्री (OPD Fees Free)
औषधी खरिदमा २१% सम्म छुट
जुनसुकै किसीमको अपरेसन कम शुल्कमा जनरल सर्जन र एनेस्थेटिसिया द्वारा गरिन्छ।
LUCKNOW NEPAL HOSPITAL
लखनऊ नेपाल हस्पिटल
कानपुर रिंग रोड, जे.आर.एम. लाईन, दुबग्गा, लखनऊ
+91-9670680614 +977-9768260172, 977-9858422352
RAMZAN Month- Free Month
बहसमा सहभागी बनौं

अनुसूची-४

दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रमका झलकहरुः

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२ असार ३२ गते
स्थान: खजुरा गा.पा.वडा नं.५ को प्राङ्गन उढरापुर, बाँके
समय: दिउँसो १:३० बजे

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२ असार ३२ गते
स्थान: खजुरा गा.पा.वडा नं.५ को प्राङ्गन उढरापुर, बाँके
समय: दिउँसो १:३० बजे

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२ असार ३२ गते
स्थान: खजुरा गा.पा.वडा नं.५ को प्राङ्गन उढरापुर, बाँके
समय: दिउँसो १:३० बजे
(OCDC-Banke)

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२ असार ३२ गते
स्थान: खजुरा गा.पा.वडा नं.५ को प्राङ्गन
समय: दिउँसो १:३० बजे
उत्पीडित सामुदायिक विकास केन्द्र

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

क्रम
३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ।
४. सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रूपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन।
आयोजक